सैनामैना नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बुद्धनगर, रुपन्देही

<u>मिति २०८३/०३/१० गते नगरसभाबाट स्वीकृत आर्थिक वर्ष २०८३/०८४ को बजेट तथा कार्यक्रम</u>

सभाध्यक्ष महोदय,
नगरसभाका सदस्यज्यूहरु,

सैनामैना नगरपालिकाको नगरसभाको नवौं अधिवेशनको गरीमामय सभामा आर्थिक वर्ष २०८३/०८४ को वार्षिक बजेट तथा कार्यक्रम प्रस्तुत गर्ने महत्वपूर्ण अवसर प्राप्त भएकोमा गौरवान्वित र थप जिम्मेवारीको वोध भएको छ ।यस ऐतिहासिक अवसरमा लोकतन्त्र स्थापना, जनअधिकारको सुनिश्चितता तथा संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको निर्माणका लागि आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण महान सहिदहरूप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु। साथै राष्ट्रको सार्वभौमसत्ता, लोकतान्त्रिक मूल्य मान्यता, सामाजिक न्याय तथा समतामूलक समाज निर्माणका विभिन्न आन्दोलनहरूमा अग्रणी भूमिका निर्वाह गर्नुहुने सम्पूर्ण अग्रज व्यक्तित्वहरू, परिवर्तनका संवाहक तथा राष्ट्रनिर्माणका अभियन्ताहरूप्रति उच्च सम्मान व्यक्त गर्दछु।

जनताको सेवा, सुशासनको प्रत्याभूति तथा समृद्ध सैनामैना निर्माणको अभियानमा हामी निरन्तर क्रियाशील छौं। सीमित स्रोत, साधन तथा असिमित आवश्यकता बीच तालमेल मिलाउँदै उपलब्ध स्रोतको अधिकतम र मितव्ययी रुपमा परिचालन गर्दै नगरवासीका आधारभूत आवश्यकता तथा विकासका आकांक्षाहरूलाई सम्बोधन गर्ने उद्देश्यका साथ यो बजेट तथा कार्यक्रम तर्जुमा गरिएको छ। आर्थिक, सामाजिक तथा पूर्वाधार विकासका क्षेत्रमा हासिल भएका उपलब्धिहरूलाई संस्थागत गर्दै दैनिक सेवा प्रवाह र नगरको समग्र क्षेत्रमा सामाजिक न्याय सहितको विकास गर्न यो बजेट तथा कार्यक्रम प्रभावकारी बन्ने विश्वास लिएको छु।

नेपालको संविधान, संघ तथा प्रदेश सरकारको आवधिक योजनाहरु सैनामैना नगरपालिकाको आवधिक योजना (२०७९/०८०-२०८३/०८४) ले परिकल्पना गरेको "**सैनामैना समृद्धिको आधारः उत्पादन, पर्यटन र पूर्वाधार**" भन्ने दीर्घकालीन सोंच र लिइएका लक्ष्य, उद्देश्य, नीति तथा रणनीतिहरू, स्थानीय टोलबासीहरू, वडा समितिहरू, राजस्व परामर्श समिति लगायतका अन्य विषयगत समितिहरूद्वारा प्राप्त सुझाव तथा सिफारिसहरू, मिति २०८३ साल जेष्ठ ३१ गते यस सम्मानित नगरसभाबाट स्वीकृत वार्षिक नीति तथा कार्यक्रम, बिभिन्न राजनीतिक दलहरु, विद्वत वर्ग, सञ्चारकर्मी, नगरवासीहरुबाट प्राप्त राय सुझावरुलाई आधार बनाइ स्थानीय सरकार सञ्चालन ऐनमा भएको व्यवस्था बमोजिम बजेट तर्जुमाका चरणहरु पूरा गरी नगरको पूर्वाधार, आर्थिक, सामाजिक विकास तथा सेवा प्रवाह र संस्थागत विकासमा टेवा पुग्ने गरी यो बजेट तथा कार्यक्रम तर्जुमा गरिएको छ। नगरवासीका आवश्यकता र आकांक्षाहरू बहुआयामिक र व्यापक छन् भन्ने तथ्यप्रति हामी पूर्ण रूपमा सचेत छौं। उपलब्ध स्रोत साधनको सीमाभित्र रही एकै आर्थिक वर्षमा सबै आवश्यकता सम्बोधन गर्न सम्भव नहुने यथार्थ हुँदाहुँदै पनि विकासका अवसर र प्रतिफललाई न्यायोचित, सन्तुलित तथा समावेशी बनाउन सबै, वर्ग, समुदाय तथा भौगोलिक क्षेत्रलाई यथासम्भव समेट्ने प्रयास गर्दै यो बजेट तथा कार्यक्रम प्रस्तुत गरेको छु।

**सभाध्यक्ष महोदय,**

अव म चालु आ.व. ०८२/०८३ को नगरपालिकाको आर्थिक स्थिति र वजेट कार्यान्वयनको अवस्था प्रस्तुत गर्दछु।

आ.व. ०८२/०८३ मा आय तर्फ रु. १ अर्व ३४ करोड ८३ लाख ४९ हजार अनुमान गरिएकोमा हाल सम्म रु १ अर्व १८ करोड ३ लाख ९८ हजार ४ सय ८६ आम्दानी भएको र रु. ५८ करोड ९६ लाख ३१ हजार ७

सय ४७ खर्च भएको छ ।चालु आ.व. मा बिभिन्न कारणहरुले योजना तथा कार्यक्रमहरु सञ्चालनमा केहि कठिनाइहरु आएता पनि कतिपय योजनाहरु हालसम्म पनि कार्यान्वियनकै क्रममा रहेका र सम्पन्न भएका कार्यक्रमहरु भुक्तानीको प्रक्रियामा रहेकोले आर्थिक बर्षको अन्त्यसम्ममा भौतिक तथा वित्तीय प्रगति सन्तोषजनक हुने अपेक्षा गरिएको छ ।

**सभाध्यक्ष महोदय,**

**"<u>सैनामैना समृद्धिको आधारः उत्पादन, पर्यटन र पूर्वाधार</u>"** भन्ने नगरपालिकाको दीर्घकालीन सोंचलाई पूरा गर्न आ.व. २०८३/०८४ को वार्षिक बजेट तथा कार्यक्रमले देहायका उद्देश्यहरु अंगिकार गरेको छ।

- सरल, पहुँचयोग्य र प्रविधिमैत्री सेवा प्रवाह र संस्थागत विकास गर्ने ।
- बहुवर्षीय तथा अधुरा योजनाहरुलाई प्राथमिकता दिदै पूर्वाधार विकास गर्ने ।
- शिक्षा, स्वास्थ्य, समावेशी विकास लगायतका सामाजिक विकासका क्षेत्रमा जोड दिने ।
- कृषि तथा पशु विकास, पर्यटन लगायतका क्षेत्रमा व्यवसायीकता विकास गरी आर्थिक बृद्धि गर्ने ।
- वन वातावरण तथा विपद् व्यवस्थापनमा जोड दिने ।

**सभाध्यक्ष महोदय,**

उल्लेखित उद्देश्य पूरा गर्न देहायका समस्या तथा चुनौतीहरु रहेका छन्।

- सीमित वित्तीय स्रोत तथा असिमित आवश्यकता।
- सूचना प्रविधिको पूर्वाधार तथा डिजिटल साक्षरतामा कमी।
- कृषि तथा पशुपालन क्षेत्रमा व्यवसायीकरण, बजारीकरण र आधुनिक प्रविधिको सीमित उपयोग ।
- राजस्व परिचालन तथा आन्तरिक आय वृद्धि गरी विकासका लागि स्रोत व्यवस्थापन गर्ने।

**सभाध्यक्ष महोदय,**

माथिका चुनौतीलाई अवसरको रुपमा परिणत गर्दै बजेटको सही कार्यान्वयनका लागि संघ र प्रदेश सरकारबाट प्राप्त वित्तीय स्रोत र मार्गनिर्देशनहरुलाई आत्मसात गरी योजना तथा कार्यक्रमहरुलाई देहाय बमोजिम प्राथमिकिकरण गरेको छु।

- सेवा प्रवाहलाई सूचना प्रविधिमैत्री वनाइ संस्थागत सुशासन सुदृढीकरण गर्ने ।
- अधुरा योजनाहरुलाई सम्पन्न गर्न प्राथमिकता दिदै सडक, नाली, सिंचाइ, शिक्षा, स्वास्थ्य लगायतका सार्वजनिक पूर्वाधारहरु निर्माण गर्ने ।
- विकास साझेदारसँगको सहकार्यमा सैनामैना चक्रपथको निर्माणाधिन खण्डलाई तिव्रताकासाथ अगाडि बढाउने।
- माध्यमिक तहसम्मको शिक्षा, आधारभूत स्वास्थ्य सेवा तथा लक्षित वर्गको सशक्तीकरण लगायतका सामाजिक विकासका कार्यक्रम सञ्चालन गर्ने।
- उत्पादन, उत्पादकत्व, प्रशोधन र बजारीकरणमा जोड दिई कृषि तथा पशुपालनलाई उद्यममुखी बनाउने।
- उद्यमशीलता विकास, सीपमूलक तालिम तथा स्थानीय उत्पादनको प्रवर्द्धन मार्फत रोजगारी वृद्धि गर्ने।
- विपद् जोखिम न्यूनीकरण तथा प्रतिकार्य क्षमता अभिवृद्धि गर्ने ।
- राजश्वको दायरा विस्तार गर्दै आन्तरिक आय वृद्धि गर्ने।

• वातावरण संरक्षण तथा दिगो विकास प्रवर्द्धन गर्ने।

**सभाध्यक्ष महोदय,**

अब म प्रस्तावित बजेट विनियोजन सम्बन्धी विवरण प्रस्तुत गर्न अनुमति चाहन्छु ।

१. भूमि प्रशासन कार्यालयबाट सम्पादन हुँदै आएको सेवालाई नगरपालिकाबाट सहज, छिटो र कम खर्चमा उपलब्ध गराउन सेवा सञ्चालनका लागि रु २५ लाख बजेट विनियोजन गरेको छु।

२. संघीय सरकारको निर्देशन बमोजिम भूमिहीन सुकुम्वासी, भूमिहीन दलित र अव्यवस्थित बसोवासीहरूको नापजाँच सम्पन्न भएका क्षेत्रमा जग्गाधनी दर्ता प्रमाणपत्र वितरण गर्न तथा बाँकी क्षेत्रहरूको नापजाँच कार्यलाई सम्पन्न गर्न र नापी कार्यालयसँगको समन्वयमा नगर क्षेत्रभित्र नक्सा तथा फिल्ड नमिलेका स्थानहरूको नाँप जाँच भएका जग्गाको पूर्जा वितरण गर्न रु ५० लाख विनियोजन गरेको छु ।

३. कृषिमा उत्पादन र उत्पादकत्व वृद्धि गरी कृषि प्रणालीलाई आधुनिकिकरण गर्न किसानसँग लागत साझेदारीमा ७५ प्रतिशत अनुदानमा यान्त्रिकरण तथा डिप वोरिङ, साना सिंचाई, स्यालो ट्यूवेल लगायत भूमिगत तथा सतह सिंचाईका लागि रु. ९५ लाख विनियोजन गरेको छु ।

४. ५० प्रतिशत नगरपालिकाको अनुदानमा तेलहन, दलहन र प्लाष्टिक रोल वितरणका लागि रु. ८ लाख विनियोजन गरेको छु।

५. पुराना रैथाने वालीको संरक्षण, चैते धान प्रवर्द्धन, वालीहरुमा लाग्ने रोग, किरा व्यवस्थापन, जैविक विषादी, रासायनिक विषादी र सुक्ष्म तत्व निशुल्क वितरण गर्न रु. १४ लाख विनियोजन गरेको छु ।

६. व्यवसायिक रुपमा उत्पादित आलु वाली चिस्यान केन्द्रमा भण्डारण, करेसावारी व्यवस्थापन, वाली उत्पादन प्रदर्शन, कृषक पाठशाला सञ्चालन, वाली उपचार शिविर र माटो स्वास्थ्य सुधार कार्यक्रम सञ्चालन गर्न रु.१८ लाख विनियोजन गरेको छु ।

७. वालीमा लाग्ने रोग र किरा सम्वन्धी सचेतना, प्राङ्गारिक कृषिको प्रवर्द्धन, भर्मी कम्पोष्ट, जैविक मल, एजोला खेती, ब्यवसायिक रुपमा माहुरी पालन गर्ने कृषक, युवाहरुलाई कृषि पेशामा आवद्ध गर्न मागमा आधारित वाली तथा तरकारी, व्यवसायीक फलफूल खेती, आलु र फुल लगाउने कृषकहरुलाई उत्पादनको आधारमा प्रोत्साहन अनुदान उपलब्ध गराउन, व्यवसायीक फलफूल खेती कार्यक्रम, तरकारीमा पकेट विकास कार्यक्रम सञ्चालन गर्न रु.३८ लाख ७५ हजार विनियोजन गरेको छु ।

८. विभिन्न वालीमा हुने क्षती न्यूनीकरण, रुदिलो नर्सरी स्थापना, वाली विमा कार्यक्रम सञ्चालन गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।

९. संघीय सरकारको सहयोगमा किसान सूचिकरण गर्न, कृषि पशुपंछी तथा मत्स्य तथ्याङ्क अध्यावधिक गर्न, तरकारी पकेट विकास कार्यक्रम सञ्चालन गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु । वडा नं ३ र ८ हाटबजार पहुँच मार्ग एवं पूर्वाधार निर्माणका लागि लुम्बनी प्रदेश सरकार र नगरपालिकाको साझेदारीमा कुल रु १ करोड ७५ लाख र संघीय सरकार ससर्त अनुदान मार्फत प्राप्त कृषि हाटवजार स्तरोन्नतिका लागि रु. १५ लाख विनियोजन गरेको छु ।

१०. पशुधनको संरक्षण, उत्पादनशीलता अभिवृद्धि तथा पशुपन्छीजन्य रोगको नियन्त्रणका लागि विशेषज्ञ सहितको पशु स्वास्थ्य सेवा सञ्चालन गर्न र कृतिम गर्भाधान, सामुदायिक कुकुरमा लाग्ने रेबिज रोगको जोखिम न्यूनीकरणका लागि खोप तथा बन्ध्याकरण, घाँसको बिउ वितरण कार्यक्रम, बिभिन्न रोग विरुद्धको खोप सञ्चालन, पशुपालक कृषकको क्षमता विकासका लागि आवश्यक बजेट व्यवस्था गरेको छु।

११. **"उत्पादन साथमा, अनुदान हातमा"** भन्ने अभियानलाई निरन्तरता दिदैं दूध र मासु उत्पादन गर्ने किसानलाई उत्पादनको आधारमा अनुदान दिन रु. २९ लाख ५० हजार विनियोजन गरेको छु ।

१२. २५ प्रतिशत कृषकको लागत सहभागिता र नगरपालिकाको ७५ प्रतिशत अनुदानमा आधुनिक यन्त्रहरुको वितरण र साइलेज उत्पादन प्रवर्द्धनका लागि यन्त्रिकिकरण सहयोग समेत गरी रु. ४० लाख वजेट विनियोजन गरेको छु ।

१३. संघ र प्रदेश सरकारको सहयोगमा भैसी प्रवर्द्धन कार्यक्रम सञ्चालनका लागि रु.१६ लाख ३५ हजार बजेटको व्यवस्था मिलाएको छु ।

१४. सैनामैना नगरपालिकमा रहेका छाडा चौपाया व्यवस्थापन गर्न वाणगंगा नगरपालिकासँग सहकार्य गर्न आवश्यक बजेट विनियोजन गरेकोछु।

१५. एक पालिका एक औधोगिक ग्रामको नीति अनुरुप सैनामैना नगरपालिका वडा ७ मा संघीय सरकार र नगरपालिकाको लागत साझेदारीमा निर्माणाधिन औद्योगिक ग्राम निर्माणलाई निरन्तरता दिन बजेटको व्यवस्था मिलाएको छु।

१६. युवा, महिला, दलित, अपाङ्गता भएका व्यक्ति, विपन्न तथा बेरोजगार नागरिकलाई लक्षित गरी स्थानीय स्रोत, साधन र सम्भावनामा आधारित सीपमूलक तथा रोजगारमुखी उद्यमशिलताका कार्यक्रमहरु सञ्चालन गर्ने व्यवस्था मिलाएको छु।

१७. नगरपालिका र सामूदायिक वन उपभोक्तासँगको लागत साझेदारीमा पूर्वाधार निर्माण, उद्यमशिलता तथा जीविकोपार्जनका कार्यक्रमहरु सञ्चालन गर्न बजेटको व्यवस्था मिलाएको छु।

१८. वैदेशिक रोजगारीलाई सुरक्षित, व्यवस्थित र मर्यादित बनाउनको लागि सुरक्षित आप्रवासन (सामी) कार्यक्रमलाई निरन्तरता दिदै वैदेशिक रोजगारबाट फर्किएका व्यक्तिहरूको ज्ञान, सीप र पूँजीलाई उत्पादनमूलक क्षेत्रमा उपयोग गर्न पूनः एकीकरण कार्यक्रम सञ्चालनका लागि बजेट विनियोजन गरेको छु ।

१९. नगरपालिका र प्रदेश सरकारको साझेदारीमा सैनामैना वडा न २ र ४ का थारु वस्तीहरुमा नव प्रवर्द्धन कार्यकम सञ्चालन गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।

२०. बजारको मागका आधारमा डिजिटल सीप, सूचना प्रविधि तथा नवप्रवर्तनमा आधारित उद्यम विकास तथा सीप विकासका कार्यक्रमहरु सञ्चालन गर्नका लागि आवश्यक बजेटको व्यवस्था मिलाएको छु।

२१. संघीय सरकार मार्फत गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम अन्तरगत लघु उद्यमी सिर्जना गर्ने, उद्यमीको स्तरोन्नती गर्न एडभान्स सीप विकास तालिम तथा प्रविधि हस्तान्तरण लगायतका कार्यक्रम सञ्चालन गर्न रु. ८ लाख बजेट व्यवस्था मिलाएको छु।

२२. सहकारीहरूको नियमन, लगानीको सुरक्षा तथा पारदर्शीता कायम गर्न आवश्यक कार्यक्रम गर्ने व्यवस्था मिलाएको छु । उपभोक्ताहरुको हितलाई मध्यनजर गरी नियमित रुपमा बजार अनुगमन तथा उपभोक्ता सचेतनाका कार्यक्रम गर्ने व्यवस्था मिलाएको छु । समग्र सहकारी विकास, बजार अनुगमन र उपभोक्ता हितका लागि रु. १५ लाख विनियोजन गरेको छु।

२३. गरिबी न्यूनिकरण गर्ने उद्देश्यले सामाजिक परिचालनको माध्यमबाट नगरपालिकामा सञ्चालित स्थानीय विकास कोष कार्यक्रम सञ्चालन गर्न रु.१० लाख विनियोजन गरेको छु।

२४. सैनामैना नगर क्षेत्रभित्रका ऐतिहासिक, पुरातात्विक, धार्मिक, सांस्कृतिक र पर्यटकीय क्षेत्रको संरक्षण र संवर्द्धन गर्ने र विगतमा शुरु गरिएका पर्यटन पूर्वाधार निर्माणका कार्यहरूलाई प्राथमिकता दिइ पर्यटकीय

सैनामैना नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बुद्धनगर, रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल
२०७३

गन्तव्यको रूपमा विकास र परम्परागत मेला महोत्सवको संरक्षण गरी, पर्यटनसँग सम्बन्धित कार्यक्रमहरु सञ्चालन गर्न रु. ६३ लाख ५० हजार बजेट विनियोजन गरेको छु ।

२५. सैनामैना आधारभूत अस्पतालमा विशेषज्ञ सहितको सेवा सञ्चालन गर्न संघीय सरकार र नगरपालिकाबाट गरी जम्मा रु. १ करोड १० लाख तथा स्वास्थ्य चौकी र आधारभूत स्वास्थ्य सेवा केन्द्रहरुबाट नगरवासीहरुलाई गुणस्तरीय रुपमा आधारभूत स्वास्थ्य सेवा उपलब्ध गराउन आवस्यक बजेट विनियोजन गरेको छु।

२६. मातृ तथा नवजात शिशु स्वास्थ्यको जटिलता समयमा पहिचान गरी उपचारको दायरामा ल्याउन निःशुल्क भिडियो एक्स-रे र प्रोटोकल अनुसारको गर्भ जाँचको व्यवस्था मिलाएको छु। **शुन्य होम डेलिभरी नगरपालिका** घोषणा गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।

२७. सुत्केरी तथा नवजात शिशुहरुको लागि स्वास्थ्य, पोषण र सरसफाई प्रवर्द्धन कार्यक्रमलाई सञ्चालन तथा महिला, बालबालिका, किशोरकिशोरी सबैको पोषण अवस्था सुधार गरी **पोषणमैत्री स्वास्थ्य संस्था र पोषणमैत्री स्थानीय शासन (नगरपालिका)** घोषणाको लागि आवश्यक बजेट व्यवस्था गरेको छु ।

२८. पाठेघरको मुखको क्यान्सर, स्तन क्यान्सर, मनोसामाजिक स्वास्थ्य समस्या लगायत नसर्ने रोगको स्क्रिनिंग तथा जनचेतनामूलक कार्यक्रमलाई निरन्तरता दिन बजेटको व्यवस्था गरेको छु।

२९. नयाँ एम्बुलेन्स खरिद गरी ७० वर्ष माथिका ज्येष्ठ नागरिक, अपांगता भएका व्यक्ति, गर्भवती तथा सुत्केरी महिला, अति गरीव तथा विपन्न नागरिकहरुलाई रुपन्देही जिल्ला भित्रका स्वास्थ्य संस्थामा जानको लागि निशुल्क एम्बुलेन्स सेवालाई निरन्तरता दिन बजेटको व्यवस्था गरेको छु ।

३०. थारु समुदायमा मात्र हुने वंशाणुगत रोग सिकलसेल एनिमिया तथा थालसेमियाको समयमै पहिचान गर्नको लागि स्क्रिनिंग, जनचेतनामूलक कार्यक्रम र सिकलसेल विरामीका परिवारलाई निःशुल्क स्वास्थ्य विमाको व्यवस्था मिलाएको छु।

३१. मृगौला प्रत्यारोपण गरेका, डायलाइसिस गराइरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षघातका विरामीहरुलाई औषधी उपचार खर्च वापत मासिक रु. ५ हजारका दरले रकम उपलब्ध गराउन संघीय सरकार मार्फत रु. १ करोड ५ लाख ४० हजार बजेटको व्यवस्था गरेको छु ।

३२. क्यान्सर, मुटुरोग, मृगौलारोग, गम्भीर चोटपटक लगायतका विभिन्न स्वास्थ्य समस्या भएर आर्थिक अभावमा स्वास्थ्य संस्थामा जान नसकेका विपन्न नागरिकलाई स्वास्थ्य संस्थासम्म पुगेर जाँच तथा उपचार गराउन आवश्यक सहयोगको लागि बजेटको व्यवस्था गरेको छु ।

३३. महिला स्वास्थ्य स्वयम सेविकाहरुको पोशाक प्रोत्साहन र यातायात खर्च वापत संघीय सरकार मार्फत रु.२० लाख र नगरपालिकाबाट यातायात खर्च वापत रु. ८ लाख ५२ हजार गरी रु.२८ लाख ५२ हजार विनियोजन गरेको छु ।

३४. महिला स्वास्थ्य स्वयंसेविका र सर्पदंश उद्धारकर्तालाई निशुल्क स्वास्थ्य वीमा गर्न तथा महिला स्वास्थ्य स्वयम् सेविका दिवस मनाउन र सम्मान गर्न आवश्यक बजेटको व्यावस्था गरेको छु ।

३५. क्षयरोग विरामीलाई लक्षित गरी स्क्रिनिंग शिविरहरु सञ्चालन गर्न र नगरपालिकालाई **क्षयरोग नियन्त्रण** गर्न रु. ३४ लाख विनियोजन गरेको छु।

३६. किशोरीहरूमा रक्तअल्पता परीक्षण, साप्ताहिक आइरन फोलिक एसिड खुवाउन, सबै स्वास्थ्य संस्थाहरुलाई **किशोरकिशोरीमैत्री स्वास्थ्य संस्था घोषणा** गर्न आवश्यक बजेट विनियोजन गरेको छु।

३७. नगरवासीहरुलाई वैकल्पिक चिकित्सा उपचार पद्धतिबाट गरिने उपचारको लागि सैनामैना प्राकृतिक चिकित्सा केन्द्रसँग गरिने सहकार्यलाई निरन्तरता दिन रु. १० लाख विनियोजन गरेको छु ।

३८. रुपन्देही जिल्लाका अस्पतालहरुमा उपचाररत सैनामैना नगरपालिकाका नागरिकलाई रगत तथा रगतजन्य वस्तु निःशुल्क र सहज रुपमा उपलव्ध गराउन आवश्यक बजेट विनियोजन गरेको छु।

३९. विगतमा निर्माण कार्य प्रारम्भ भई सम्पन्न गर्न बाँकी रहेका वडा नं १, ६, ७, ८, १० र ११ स्वास्थ्य चौकी र आधारभूत स्वास्थ्य सेवा केन्द्रका भौतिक पूर्वाधारका अपूरा योजनाहरूलाई पूर्णता दिन रु.४५ लाख विनियोजन गरेको छु ।

४०. सैनामैना नगरपालिकाको स्थानीय पाठ्यक्रम निर्माण भइ कार्यान्वयनमा गइसकेको पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि पाठ्यपुस्तकको लेखन र शिक्षकहरुलाई क्षमता विकास गर्नका लागि रु. १३ लाख विनियोजन गरेको छु ।

४१. नगरपालिका भित्रका सवै सामुदायिक विद्यालयमा कार्यरत सम्पूर्ण शिक्षक तथा कर्मचारीहरुको हाजिरीलाई नगरपालिकाबाट व्यवस्थापन तथा अनुगमन गर्ने गरी विद्युतीय हाजिरी जडान र सोको नियमन तथा व्यवस्थापन गर्न रु. ११ लाख विनियोजन गरेको छु।

४२. नगर भित्रका सामुदायिक विद्यालयहरुमा अध्ययनरत विद्यार्थीहरुको कक्षा कोठाको वसाइ व्यवस्थापनका लागि फर्निचर खरिद गर्न प्रदेश सरकारबाट विशेष अनुदान मार्फत रु.२० लाख र नगरपालिकाबाट रु.६० लाख गरी जम्मा ८० लाख विनियोजन गरेको छु ।

४३. नगरपालिका भित्र रहेका सामुदायिक क्याम्पसहरुसंगको लागत साझेदारीमा शैक्षिक गुणस्तर तथा पूर्वाधार विकास कार्यक्रम गर्न र सामुदायिक विद्यालयका विद्यार्थी, शिक्षक, विद्यालय व्यबस्थापन समिति र सरोकारवालाहरुको क्षमता अभिवृद्धि गर्न आवश्यक बजेट व्यवस्था गरेको छु।

४४. विद्यालयमा कार्यरत महिला शिक्षकहरु कानून बमोजिम प्रसूति विदामा बसेको अवस्थामा विद्यार्थीहरुको पठन पाठनमा हुने क्षतीलाई कम गर्न निजको स्थानमा स्नातक वा स्नातकोत्तर तहमा अध्ययनरत विद्यार्थीहरुलाई स्वयंसेवक शिक्षकको रुपमा परिचालन गर्ने कार्यलाई निरन्तरता दिन आवश्यक रकमको व्यवस्था गरेको छु।

४५. संघीय सरकार मार्फत सामुदायिक विद्यालयमा अध्ययनरत सवै छात्राहरुलाई आवश्यक पर्ने सेनेटरी प्याड उपलव्ध गराइनुका साथै कक्षा १ देखि ५ सम्मका छात्र छात्रालाई पोषणयुक्त दिवा खाजा उपलब्ध गराउन रु. २ करोड ५६ हजार बजेटको व्यवस्था मिलाएको छु।

४६. संघीय सरकार मार्फत सामुदायिक विद्यालयमा अध्ययनरत छात्रा, दलित, अपाङ्ग र विपन्न विद्यार्थीलाई दिइँदै आएको छात्रवृतिलाई निरन्तरता दिन आवश्यक बजेटको व्यवस्था मिलाएको छु ।

४७. विद्यार्थीहरुमा अन्तर्निहित प्रतिभा प्रस्फुटन गर्न विविध प्रतियोगिताहरु सञ्चालन गर्न, उत्कृष्ट नतिजा ल्याउने विद्यार्थीलाई पुरस्कृत गर्न र प्रभावकारी कार्यसम्पादन गर्ने उत्कृष्ट शिक्षक र विद्यालयलाई निश्चित मापदण्डका आधारमा सम्मान गर्नको लागि बजेटको व्यवस्था मिलाएको छु ।

४८. सामुदायिक विद्यालयहरुमा रहेको शिक्षक दरवन्दीलाई विद्यार्थी संख्याका आधारमा पुनरावलोकन गर्ने व्यवस्था मिलाएको छु ।

४९. पर्रोहा माध्यमिक विद्यालय, पश्चिम पर्रोहा माध्यमिक विद्यालय र राष्ट्रिय माध्यमिक विद्यालयमा शौचालय, कम्पाउण्डवाल, फर्निचर तथा पेभिङ्ग निर्माण गर्न संघीय सरकारबाट विशेष अनुदान मार्फत रु. १ करोड ७५ लाख र मलमला, सैनामैना, पर्रोहा र पशुपति माध्यमिक विद्यालय सहित अन्य सामुदायिक विद्यालयको पूर्वाधार विकास गर्न १ करोड ४२ लाख विनियोजन गरेको छु ।

५०. नगर भित्र सञ्चालन हुने सबै किसिमका खेलहरुलाई एकद्वार प्रणालीबाट कार्यान्वयन हुने गरी नगरस्तरीय खेलकूद समितिद्वारा सञ्चालन गर्ने गरी रु. २५ लाख विनियोजन गरेको छु ।

५१. नगरपालिकालाई वालमैत्री नगरपालिका घोषणा गर्न प्रथम चरणमा न्यूनतम **चारवटा वडालाई वालमैत्री वडा घोषणा** गर्नका लागि रु. २० लाख १० हजार विनियोजन गरेको छु ।

५२. वाल विवाह, बाल श्रम, बाल यौन दुर्व्यबहार तथा दुर्व्यसनी सम्वन्धी कार्यक्रम सञ्चालन गर्न, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण, द्वन्दपिडित, एकल, यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरु र विपन्न महिलाहरुका लागि उद्यमशिलता तथा स्वरोजगार सम्बन्धी सीप विकास, हिंसामा परेका महिलालाई मनोसामाजिक परामर्श, पूनस्थापना जस्ता कार्यक्रमहरु सञ्चालन गर्न बजेटको व्यवस्था मिलाएको छु ।

५३. अपाङ्गता अधिकार, सुविधा र अवसर सम्वन्धी कार्यक्रमहरु सञ्चालन गर्न र उनीहरुको मागको आधारमा सीप विकास, उद्यमशिलता तथा क्षमता विकासका कार्यक्रम सञ्चालन गर्न र जेष्ठ नागरिकहरुलाई नियमित स्वास्थ्य परीक्षण तथा सम्मान गर्न बजेटको व्यवस्था मिलाएको छु ।

५४. **"भेदभावमुक्त समाजको आधार, समान अवसर र आत्मनिर्भर जीवनको विस्तार"** भन्ने अभियानलाई आत्मसाथ गर्दै जातीय भेदभाव तथा छुवाछुतमुक्त, समावेशी र न्यायपूर्ण समाज निर्माणका लागि जनचेतनामूलक तथा सशक्तीकरण कार्यक्रम सञ्चालन गरिनेछ। दलित तथा लक्षित समुदायको सीप विकास, आयआर्जन, उद्यमशीलता प्रवर्द्धन र स्वरोजगारमार्फत जीविकोपार्जन सुधार गर्ने कार्यक्रम कार्यान्वयन गर्न **रु. १० लाख** बजेट विनियोजन गरेको छु।

५५. नगरपालिका भित्र रहेका बालबालिकाहरुको सर्वाङ्गिण विकास गरी वालमैत्री नगरको रुपमा विकास गराउन **वालवालिकासँग नगर प्रमुख** कार्यक्रमलाई निरन्तरता दिन रु २० लाख विनियोजन गरेको छु ।

५६. **महिलासँग उपप्रमुख** कार्यक्रमको माध्यमबाट समाजमा आर्थिक रुपले पछाडि परेका महिलाहरुलाई सीपमूलक कार्यक्रम सञ्चालन तथा प्रविधि हस्तान्तरण गर्न रु. २० लाख विनियोजन गरेको छु ।

५७. नगरभित्रका उद्यमी महिलाहरुबाट उत्पादित सामग्रीको बजारीकरणको लागि निर्माणाधिन कोसेली घर निर्माण सम्पन्न गरी सञ्चालन गर्न आवश्यक बजेटको ब्यवस्था मिलाएको छु ।

५८. नेपाल सरकारको प्राथमिकता प्राप्त आयोजना तथा नगरको ठूलो एवं रणनैतिक आयोजनाको रूपमा रहेको शहरी उत्थानशीलता र जीवनस्तर सुधार आयोजना (URLIP) अन्तर्गत सैनामैना चक्रपथको सालझण्डी खण्डमा सहरी आवागमन सुधार, व्यवस्थित ढल निकास, सुरक्षित पैदल मार्ग र बजारको सहज पहुँच विस्तारका कार्यहरु सञ्चालन गर्न एसियाली विकास बैंक (ADB) को ऋण सहयोगमा संघीय सरकारको अनुदान, नगर विकास कोषको सहुलियत ऋण र सैनामैना नगरपालिकाको लागत साझेदारीमा सञ्चालनमा रहेको आयोजनालाई रु. ५२ करोड २० लाख विनियोजन गरेको छु ।

५९. अधुरा र मर्मत सम्भारको अभावमा सञ्चालनमा आउन नसकेका भौतिक पूर्वाधारहरूमा गरिएको लगानीको प्रतिफल सुनिश्चित गर्न र सम्पत्ति संरक्षण गर्न **'अधुराः गर पूरा'** को नीति अन्तर्गत लोकमार्गको वैकल्पिक सडकका रुपमा सञ्चालनमा रहेका नगर क्षेत्रभित्रका विभिन्न भित्री सडक, अधुरा र जीर्ण भौतिक पूर्वाधारहरू, सामुदायिक भवनहरु, खेलकुद पूर्वाधारको निर्माण सम्पन्न तथा स्तरउन्नतिका लागि ४ करोड ५९ लाख ५० हजार बजेट विनियोजन गरेको छु ।

६०. **उज्यालो शहरः सैनामैनावासीको रहर'** भन्ने नारालाई पूर्णता दिन नेपाल विद्युत प्राधिकरणसँगको सहलगानीमा विगतदेखि शुरु गरिएको नगरका मुख्य तथा सहायक मार्गहरूमा स्मार्ट सडक बत्ती जडान गर्ने कार्यलाई सम्पन्न गर्न रु. २४ लाख ५० हजार बजेट विनियोजन गरेको छु।

६१. नगर क्षेत्रभित्र सडक दुर्घटना न्यूनीकरण गर्न सुरक्षित तथा प्रविधिमैत्री बनाउन र मुख्य सडकहरुमा आवागमनलाई व्यवस्थित बनाउन सडकको दायाँबायाँ तथा मुख्य चोकहरूमा आवश्यक ट्राफिक संकेतहरू, सडक मार्किङ, ट्राफिक पोस्टहरु र दिशा निर्देशनात्मक बोर्डहरू राख्न तथा पैदलयात्री र साइकल यात्रीका लागि सुरक्षित पूर्वाधार निर्माण गर्न आवश्यक बजेट व्यवस्था गरेको छु ।

६२. नगरमा सदियौंदेखि बसोबास गर्दै आएका आदिवासी थारु समुदायको ऐतिहासिक पहिचान, संस्कृति, जीवनशैलीको संरक्षण र आवश्यक पूर्वाधार विकास गर्न सञ्चालित **'उज्यालो नमूना थारु गाउँ'** अभियानलाई आगामी बर्ष पूरा गर्न निर्माण हुन बाँकी रहेका बस्तीहरूमा सडक तथा नाली निर्माण गर्ने, सडक बत्ती जडान गर्ने, टायल बिछ्याउने र वृक्षारोपण गर्ने जस्ता कार्यहरू गर्न र बस्तीका घरहरूका भित्ता तथा पर्खालहरूमा आकर्षक थारु सांस्कृतिक चित्रकला निर्माण गर्न रु. १ करोड ५० लाख बजेट विनियोजन गरेको छु।

६३. प्राकृतिक स्रोतको उत्खननबाट सम्बन्धित स्थानीय समुदायमा पर्न सक्ने वातावरणीय तथा भौतिक क्षतीलाई सम्बोधन गर्न नदीजन्य पदार्थ निकासी हुने वडाको लागि रु १ करोड २० लाख बजेट विनियोजन गरेको छु ।

६४. पूर्वाधार विकासलाई दिगो र व्यवस्थित वनाउन तथा निर्माणाधिन अधुरा योजना सम्पन्न गर्नका लागि प्रत्येक वडामा कम्तिमा १ वटा योजना पर्ने गरी परमेश्वर टोल अन्तर्गत विद्यापथ कालोपत्रे सैनामैना- १, कालिकाचोक उत्तर कालिका मन्दिर देखि रिङ्गरोड जोड्ने सडक कालोपत्रे सैनामैना-२, भैरवस्थान जाने सडकमा पक्की ढलान गर्ने कार्य सैनामैना-३ , लुम्विनी रोडको रन्यौरा चोक देखि आदर्श खेल मैदान जाने सडक कालोपत्रे सैनामैना-४, वुद्धनगर खानेपानी ट्याङ्की देखि गडवा जाने सडकमा पक्की नाली निर्माण सैनामैना-५, स्कुलगेट दक्षिण कलौनीडाँडा जाने सडक स्तरोन्नती सैनामैना-६, रामवस्ती टोल रामवस्ती पथ कालोपत्रे सडक सैनामैना-७, रामपुर देखि भाटाचौर जाने सडक स्तरोन्नती सैनामैना-८, जनज्योति टोल अन्तरगत रिङ्गरोड शहीद गेट लोकमार्ग जोड्ने सडक कालोपत्रे सैनामैना-९, पानवारीटोल मध्यपथ नाली निर्माण सैनामैना-१० र वडास्तरीय कालोपत्रे सडक मर्मत सैनामैना-११ समेतको लागि रु. २ करोड २० लाख विनियोजन गरेको छु ।

६५. प्रदेश सरकार स्थानीय तह वित्तीय हस्तान्तरण सशर्त अनुदान अन्तरगत रानीकुवा म्यूजियम पूर्वाधार निर्माण तथा सौन्दर्यकरण सैनामैना-१, आधारभूत स्वास्थ्य केन्द्र कम्पाउण्डवाल निर्माण सैनामैना-१, संगम प्रगतिटोल स्यालो ट्यूवेल निर्माण सैनामैना-२, सुन्दरटोल सुकौली स्यालो ट्यूवेल निर्माण सैनामैना-३, कवर्ड हल पूर्वाधार निर्माण तथा स्तरोन्नती सैनामैना-३, राधाकृष्णटोल प्रभात वोडिङ्ग पछाडि शिवमन्दिर देखि आउने वाढी डुवान क्षेत्रमा पक्की नाली निर्माण सैनामैना-४, नयाँ सडक अपूरो सडक र नाली निर्माण सैनामैना-५, डिममार्ग अधुरो सडक स्तरोन्नती सैनामैना-६, रामपथचोक देखि शिवालय पथसम्म सिंचाइकुलो निर्माण सैनामैना-६, जनचेतना मा. वि को कम्पाण्डवाल निर्माण, रामपुर कृषिमार्ग स्तरोन्नती सैनामैना-८ र गौरीपथको ह्युमपाइप सहितको पक्कीबाटो सैनामैना-८ का लागि रु. १ करोड ३० लाख बजेट व्यवस्था गरेको छु ।

६६. नगरक्षेत्र भित्रका अधुरा, जीर्ण सडक तथा अन्य पूर्वाधारहरुको मर्मत र स्तरउन्नतीका लागि स्थापित मर्मत सम्भार कोष सञ्चालनका लागि १ करोड बजेट विनियोजन गरेको छु।

६७. पूर्वाधार निर्माणमा स्थानीयको स्वामित्व र दिगोपनालाई सुनिश्चित गर्न र समुदायलाई पूर्वाधारमा अपनत्व दिलाउन **"हामी बनाउँछौं, हाम्रो पुर्वाधार; आधा लगानी, पूरा अपनत्व"** भन्ने अवधारणालाई आत्मसात गर्दै ५०/५० प्रतिशत लागत साझेदारीमा मागमा आधारित योजनाहरूको लागि रु. १ करोड ६५ लाख विनियोजन गरेको छु ।

६८. देविचोक-मलमला सडक सैनामैना-६ र दुईमुहान देखि चिसापानी जोड्ने सडक सैनामैना-११ का लागि संघीय सरकारको समपुरक अनुदान मार्फत रु. ४० लाख र नगरपालिकाको र.९३ लाख ५० हजार गरी रु. १ करोड ३३ लाख ५० हजार बजेट विनियोजन गरेको छु ।

६९. प्रदेश सरकार र नगरपालिकाको लागत साझेदारीमा वडा नं. ३ वडा कार्यालय जाने सडक कालोपत्रे गर्न रु १ करोड २५ लाख विनियोजन गरेको छु ।

७०. नगरभित्रका जीर्ण सडकहरु मर्मत गर्न सडक बोर्ड नेपाल र नगरपालिकाबाट जम्मा रु. १ करोड २० लाख विनियोजन गरेको छु।

७१. वडा तहबाटै योजना र कार्यक्रम छनौट गर्न वडालाई दिएको सीमा भित्र रही सम्बन्धित वडाको सिफारिस बमोजिम वडा नं १ को लागि रु. १ करोड ३ लाख ७८ हजार, वडा नं. २ को लागि रु.७८ लाख १५ हजार, वडा नं. ३ को लागि रु.७५ लाख ६३ हजार, वडा नं. ४ को लागि रु.८६ लाख ५२ हजार , वडा नं. ५ को लागि रु.९४ लाख १३ हजार, वडा नं. ६ को लागि रु.९३ लाख ७४ हजार, वडा नं. ७ को लागि रु.६८ लाख ३ हजार, वडा नं. ८ को लागि रु.६८ लाख ९० हजार, वडा नं. ९ को लागि रु.७८ लाख २३ हजार, वडा नं. १० को लागि रु.९९ लाख २६ हजार र वडा नं. ११ को लागि रु.८८ लाख ६९ हजार गरी वडामा दिदै आएको बजेट सीमालाई बृद्धि गरी जम्मा रु.९ करोड ३५ लाख ६ हजार पुर्याएको छु ।

७२. नगर क्षेत्रभित्रका बस्ती र कृषियोग्य जमिनलाई बाढी, डुबान र नदी कटानबाट सुरक्षित राख्न नगरक्षेत्र भएर बग्ने नदी तथा खोलाहरूको कटान नियन्त्रणका लागि संघ र प्रदेश सरकारसँगको सहलगानी तथा समन्वयमा तटबन्ध निर्माण गर्ने व्यवस्था मिलाएको छु। पानीको सहज निकास सुनिश्चित गर्न नगरभित्रका प्राकृतिक घोला तथा खोल्साहरूको नियमित सरसफाइ तथा संरक्षणका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

७३. नगरपालिका भित्र रहेका सडक, नाली, कल्भर्ट, भवन लगायतका साना ठूला पूर्वाधार निर्माणका लागि आवश्यक वजेट व्यावस्था गरेको छु ।

७४. नगर भित्र रहेका सार्वजनिक, ऐलानी जग्गाहरुलाई व्यवस्थित र सौन्दर्यीकरणका लागि **हरित क्षेत्र विकास'** कार्यक्रम सञ्चालन गर्न, नगरका प्रमुख स्थानमा बालमैत्री मनोरञ्जन स्थल निर्माण, वडा नं १ को सैनामैना नमूना पार्क, वडा नं २ को बोलबम पर्यावरणीय पार्क, वडा नं ३ को सैनामैना पार्क, वडा नं ४ को लेडुवा पोखरी संरक्षण सहितको पार्क, वडा नं ५ को विधौली पार्क, वडा नं ६ वडा कार्यालय अगाडि र इगुरिया पार्क, वडा नं ७ को नमूना पार्क वडा नं ८ को माघी मेला स्नान कुण्ड संरक्षण, वडा नं ९ को चिल्ड्रेन पार्क, वडा नं १० को फुलवारी पार्क र वडा नं ११ को राजापानी सिमसार संरक्षण गरी हरियाली सहितको आकर्षक पार्क तथा उद्यान निर्माण कार्यका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

७५. नगर भित्रका भिरालो जमिनमा पहिरो तथा कटान रोक्न वायो-इन्जिनियरिङ्ग प्रविधि अपनाई भेटिभर, बाँस, निगालो, अम्रिसो, केतुकी लगायतका बिरुवा रोप्ने कार्यलाई निरन्तरता दिन र यसको दिगोपनाका लागि आवश्यक पर्ने ती बिरुवाहरूको उत्पादन गर्न नगरपालिकाभित्रै आफ्नै नर्सरी सञ्चालन गर्न आबश्यक बजेट विनियोजन गरेको छु।

७६. घट्दो भू-जल सतहलाई पुनर्भरण गर्न र जलवायु परिवर्तन प्रभाव न्यूनीकरण गर्न **'एक वडा एक पोखरी'** कार्यक्रमलाई निरन्तरता दिन नगरका ऐतिहासिक तथा ठूला पोखरीहरूलाई संरक्षण गर्न रु. १८ लाख विनियोजन गरेको छु।

७७. **प्रतिकार्यमुखी भन्दा पूर्वतयारीमुखी विपद् व्यवस्थापन** नीति अनुरुप नगरपालिका, स्विस रेडक्रस र नेपाल रेडक्रस सोसाइटीको सहकार्यमा कार्यक्रमहरु सञ्चालन गर्न, बढ्दो तापक्रम र तातो हावा (लु) ले पार्ने असर न्यूनीकरण गर्न, विद्यार्थी, बिरामी र जोखिममा रहेका समुदायलाई सुरक्षित राख्न, SUPER 2 लगायतका विपद्

प्रतिकार्यका कार्यक्रमहरू सञ्चालन गर्न विपद् व्यवस्थापन कोष सहित रु. ९१ लाख बजेट विनियोजन गरेको छ ।

७८. नगरको फोहोरमैलाको दीर्घकालीन व्यवस्थापन गर्न सैनामैना-१० स्थित एकला पहाडमा अगाडि बढाइएको 'अन्तर-स्थानीय तह संयुक्त फोहोरमैला प्रशोधन केन्द्र' निर्माणका लागि रुख कटान लगायतका भौतिक पूर्वाधार विकासका कार्यहरुका लागि रु. १ करोड विनियोजन गरेको छु ।

७९. वस्तिस्तरबाट माग भई आएका तर नगरपालिकाले सञ्चालन गर्न नसक्ने ठुला योजनाहरु संघीय सरकार र प्रदेश सरकारमा अनुरोध गर्ने व्यवस्था मिलाएको छु ।

८०. सैनामैना नगरपालिका, कञ्चन गाउँपालिका, शुद्धोधन गाउँपालिका र गैडहवा गाउँपालिकाको संयुक्त लगानी तथा सहकार्यमा सञ्चालित वारुणयन्त्रलाई प्रभावकारी रुपमा सञ्चालनका लागि रु. १० लाख विनियोजन गरेको छु ।

८१. नगरपालिका भित्र रहेका खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाहरुसँग लागत साझेदारीमा फायरहाइडेन्ट जडान गर्न आवश्यक बजेटको व्यवस्था मिलाएको छु ।

८२. नगरपालिकाको सेवा प्रवाहलाई सहज बनाउन सेवा प्रवाहलाई डिजिटलाईज गरी नागरिकले आफ्नो सेवालाई अनलाईन माध्यमबाट लिने तथा ट्र्याक गर्न सकिने व्यवस्था मिलाउन आवश्यक बजेट व्यवस्था गरेको छु ।

८३. फोहोरमैला व्यवस्थापन गर्नको लागि फोहरमैला व्यवस्थापन कोषमा आवश्यक बजेट विनियोजन गरेको छु ।

८४. भवन अनुमति प्रक्रियालाई पूर्ण रूपमा डिजिटल, पारदर्शी र सेवाग्राहीमैत्री बनाउन EBPS प्रणालीको प्रभावकारी कार्यान्वयन तथा अभिलेख व्यवस्थापन, भूकम्प प्रतिरोधी निर्माण, राष्ट्रिय भवन संहिता तथा सुरक्षित भवन निर्माण सम्बन्धी सिकर्मी तथा डकर्मीहरुको लागि तालिम सञ्चालन गर्न रु. १० लाख विनियोजन गरेको छु।

८५. संस्थागत सुदृढीकरण तथा सेवा प्रवाहलाई प्रभावकारी बनाउन क्षमता विकास योजना बमोजिम कार्यक्रमका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

८६. नगरपालिकाले सम्पादन गरेका कार्यलाई जनता समक्ष पुर्याउन सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण, सार्वजनिक परीक्षण गर्न र नगर क्षेत्र भित्रका सञ्चारकर्मीहरुको क्षमता विकास गर्न बजेट विनियोजन गरेको छु ।

८७. न्यायीक समितिको माध्यमबाट विवादहरूको छिटो, छरितो तथा प्रभावकारी रूपमा न्यायको प्रत्याभूति हुने गरी मेलमिलापको माध्यमबाट विवादको निरूपण गर्ने व्यवस्था मिलाएको छु। न्यायीक कार्यमा संलग्न पदाधिकारी तथा मेलमिलापकर्ताको क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।

८८. राजश्व प्रशासनलाई सुदृढ, पारदर्शी र प्रविधिमैत्री बनाउँदै करको दायरा विस्तार गर्न, राजश्वको प्रभावकारी अनुगमन गर्न र राजश्व संकलनमा उल्लेखनीय योगदान पुर्‍याउने कर्मचारी तथा सम्बन्धित पक्षलाई कार्यसम्पादनमा आधारित प्रोत्साहनका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

८९. नगरपालिका अन्तरगतका उत्कृष्ट करदाता, शिक्षक, विद्यार्थी, उद्यमी, व्यवसायी, कर्मचारी, सञ्चारकर्मी, टोल विकास संस्था लगायत नगरको विकासमा उत्कृष्ट योगदान पुर्याउने व्यक्ति तथा संस्थाहरुलाई प्रोत्साहन तथा सम्मान गर्ने व्यवस्था मिलाएको छु।

९०. नगरमा गठित सवै टोल विकास संस्था सञ्चालनमा दिदै आएको सञ्चालन अनुदानलाई वृद्धि गरी रु.३० लाख पुर्याएको छु भने टोल विकास संस्थाको साझेदारीमा सडक वत्ती जडान गर्न रु ११ लाख विनियोजन गरेको छु ।

९१. नगरपालिकाको स्वीकृत दरवन्दीमा कार्यरत करार कर्मचारीहरुलाई नेपाल सरकारले तोकेको मापदण्ड भित्र रही सामाजिक सुरक्षा कोषमा आवद्ध गर्न बजेट विनियोजन गरेको छु।

९२. नेपाल सरकारले आर्थिक वर्ष २०८३/०८४ को बजेट मार्फत राष्ट्रसेवक कर्मचारीहरुको तलब, महंगी भत्ता र प्रोत्साहन भत्ता २०८३ साउन १ गते देखि लागु हुने गरी वृद्धि गरेकोमा नगरपालिकामा कार्यरत कर्मचारीहरुको लागि सोही बमोजिम सुविधा उपलब्ध गराउने व्यवस्था मिलाएको छु।

सभाध्यक्ष महोदय

९३. आर्थिक वर्ष २०८३/८४ को करका दर र छुट सम्वन्धी व्यवस्था आर्थिक ऐन, २०८३ मा व्यवस्था भए बमोजिम हुनेछ ।

९४. आर्थिक वर्ष २०८३/८४ को खर्चको विवरण सम्वन्धी व्यवस्था विनियोजन ऐन, २०८३ मा व्यवस्था भए बमोजिम हुनेछ

९५. आ.व. २०८३/०८४ को पहिलो चौमासिक भित्र व्यवसाय कर, सम्पत्ति कर, भूमि/मालपोत कर, अव्यवस्थित जग्गाको बहाल विटौरी शुल्क र पूर्वाधार विकास शुल्क एकमुष्ट वुझाएमा १० प्रतिशत छुट दिने व्यवस्था मिलाएको छु।

९६. अपाङ्गता, ज्येष्ठ नागरिक परिचय पत्र सिफारिस, निःशुल्क औषधोपचार सिफारिस, कर तिरेको विवरण, योजना तथा कार्यक्रम माग सम्बन्धी सिफारिस, सुरक्षित मातृत्व सम्वन्धी सिफारिस, प्रकोप पिडित, द्वन्द्वपिडित सिफारिस, घटना घटेको ३५ दिनभित्रको व्यक्तिगत घटना दर्ता, संघ/प्रदेश/स्थानीय तहले निःशुल्क उपलव्ध गराउने सेवाका लागि सिफारिस, नागरिकता अनुसूची सिफारिस, सामाजिक सुरक्षा कार्यक्रमसंग सम्वन्धित सिफारिस, लैगिक हिंसा, घरेलु हिंसासँग सम्वन्धित सिफारिस, छात्रबृती तथा सामुदायिक विद्यालयमा अध्ययन प्रमाणित सिफारिस निशुल्क गर्ने र पछिल्लो एक बर्ष भित्र वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिले व्यवसाय गर्न चाहेमा व्यवसाय दर्ता शुल्कमा सत प्रतिशत छुट दिने व्यवस्था मिलाएको छु।

९७. क्षेत्रगत विनियोजनका हिसावले आर्थिक विकास तर्फ रु. ७ करोड १ लाख ३० हजार, सामाजिक विकास तर्फ रु. ३२ करोड ४० लाख ७६ हजार, पूर्वाधार विकास तर्फ रु. ७८ करोड ३७ लाख ५३ हजार, वन, वातावरण तथा विपद व्यवस्थापन तर्फ रु.३ करोड ५२ लाख ७५ हजार र सुशासन तथा सेवा प्रवाह तर्फ रु. ३४ करोड ३५ लाख ६२ हजार गरी जम्मा रु. १ अर्व ५५ करोड ६७ लाख ९६ हजार अनुमानित बजेट विनियोजन गरेको छु । सो रकममा चालु तथा वित्त व्यवस्थापनतर्फ रु ६३ करोड ९ लाख ६९ हजार (४०.५३%) र पूँजीगततर्फ रु ९२ करोड ५८ लाख २७ हजार (५९.४७%) गरी जम्मा **रु १ अर्ब ५५ करोड ६७ लाख ९६ हजार बजेट विनियोजन गरेको छु।** प्रस्तुत आय-व्यय गत वर्षको आय-व्ययको तुलनामा २२ दशमलब ४४ प्रतिशतले बृद्धि भएको छ । जसमा सामाजिक सुरक्षा तर्फको रकम समावेश गरिएको छैन ।

**सभाध्यक्ष महोदय, नगर सभाका सदस्यज्यूहरु,**

९८. माथि प्रस्ताव गरिएको समग्र योजना तथा कार्यक्रमको लागि विनियोजन गरेको बजेटको लागि खर्च व्यहोर्ने स्रोतहरु प्रस्तुत गर्दछु। आन्तरीक स्रोत तर्फ रु.१२ करोड ४ लाख ८६ हजार २ सय, संघीय सरकार वित्तीय समानीकरण अनुदान १२ करोड ९७ लाख, संघीय सरकार राजश्व बाँडफाँड रु. १४ करोड ९० लाख ७०

हजार, संघीय सरकार तर्फ सशर्त अनुदान रु ७४ करोड ८ लाख, संघीय सरकार समपुरक अनुदान रु. ४० लाख, संघीय सरकार विशेष अनुदान रु. १ करोड ७५ लाख, र अन्य अनुदान(सडक वोर्ड नेपाल तथा औधोगीक ग्राम) रु.१ करोड १० लाख, प्रदेश सरकार तर्फ वित्तीय समानीकरण अनुदान रु ८५ लाख १० हजार, प्रदेश सरकार शसर्त अनुदान रु. २ करोड, प्रदेश सरकार राजश्व बाँडफाँड रु १ करोड ६५ लाख ३६ हजार, प्रदेश समपुरक रु १ करोड २० लाख, प्रदेश सरकार विशेष अनुदान रु २० लाख, स्थानीय राजश्व वाँडफाड (मालपोत रजिस्ट्रेशन र नदीजन्य पदार्थ) रु ११ करोड २ लाख १८ हजार १ सय ६०, नगर विकास कोष ऋण रु ५ करोड २० लाख र अन्य स्रोत रु.१६ करोड २९ लाख ७५ हजार ६ सय ४० गरी जम्मा रु. १ अर्ब ५५ करोड ६७ लाख ९६ हजार को कुल आय अनुमान प्रस्तुत गरेको छु। उपरोक्त वमोजिमका आम्दानी र खर्चका शीर्षकगत विवरणहरु अनुसूचीमा उल्लेख गरेको छु।

**सभाध्यक्ष महोदय, नगर सभाका सदस्यज्यूहरु**

९९. उपलब्ध स्रोतको न्यायोचित, मितव्ययी र परिणाममुखी परिचालनमा जोड दिदै सेवा प्रवाहलाई थप सरल, छरितो, प्रविधिमैत्री बनाइनेछ । पूर्वाधार, आर्थिक तथा सामाजिक विकासका क्षेत्रलाई उच्च प्राथमिकतामा राखी उत्पादन, रोजगारी र आयआर्जनका अवसर विस्तार गरिनेछ। संघ, प्रदेश र स्थानीय तहबीचको सहकार्य र समन्वयलाई थप प्रभावकारी बनाउँदै विकास निर्माणका कार्यलाई तीव्रता दिइनेछ।

१००. प्रस्तुत आर्थिक बर्ष २०८३/०८४ को बजेटले नगर विकासमा उल्लेख्य योगदान गर्नेछ भन्ने आशा लिएको छु। बजेट निर्माणमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा सहयोग गर्नुहुने जन प्रतिनिधि तथा कर्मचारी र सो कार्यमा सल्लाह सुझाव दिनु हुने नगरपालिकामा क्रियाशील राजनीतिक दल, पूर्व जनप्रतिनिधि, सरकारी तथा गैर सरकारी संघ संस्थाहरु, पत्रकार जगत, नागरीक समाज लगायत देश विदेशमा रहनुहुने सम्पूर्ण सैनामैनावासी आमा-बुवा, दाजुभाइ, दिदी-बहिनीहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दै बजेट कार्यान्वयनमा यहाँहरुको रचनात्मक सुझाव, सल्लाह र सहयोगको अपेक्षा गरेको छु।

**मितिः २०८३/०३/१०**

**धन्यवाद !**

**विना राना**
**उपप्रमुख**